**Signature and Name of Invigilator**

1. (Signature) ___________________________
   (Name) _____________________________
2. (Signature) ___________________________
   (Name) _____________________________

OMR Sheet No. : ........................................
(To be filled by the Candidate)

Roll No. | | | | | | | | |
(In figures as per admission card)

Roll No.________________________________
(In words)

**D-3409**

**Test Booklet No.**

Time : **1 $^1/_4$** hours]

**PAPER-II**

**NEPALI**

[Maximum Marks : **100**

| Number of Pages in this Booklet : **8** | Number of Questions in this Booklet : **50** |
|---|---|

## Instructions for the Candidates

1. Write your roll number in the space provided on the top of this page.
2. This paper consists of fifty multiple-choice type of questions.
3. At the commencement of examination, the question booklet will be given to you. In the first 5 minutes, you are requested to open the booklet and compulsorily examine it as below :
   (i) To have access to the Question Booklet, tear off the paper seal on the edge of this cover page. Do not accept a booklet without sticker-seal and do not accept an open booklet.
   (ii) **Tally the number of pages and number of questions in the booklet with the information printed on the cover page. Faulty booklets due to pages/questions missing or duplicate or not in serial order or any other discrepancy should be got replaced immediately by a correct booklet from the invigilator within the period of 5 minutes. Afterwards, neither the Question Booklet will be replaced nor any extra time will be given.**
   (iii) After this verification is over, the Test Booklet Number should be entered in the OMR Sheet and the OMR Sheet Number should be entered on this Test Booklet.
4. Each item has four alternative responses marked (A), (B), (C) and (D). You have to darken the oval as indicated below on the correct response against each item.
   **Example :** (A) (B) ● (D)
   where (C) is the correct response.
5. Your responses to the items are to be indicated in the **Answer Sheet given inside the Paper I Booklet only.** If you mark at any place other than in the ovals in the Answer Sheet, it will not be evaluated.
6. Read instructions given inside carefully.
7. Rough Work is to be done in the end of this booklet.
8. If you write your name or put any mark on any part of the test booklet, except for the space allotted for the relevant entries, which may disclose your identity, you will render yourself liable to disqualification.
9. You have to return the test question booklet and OMR Answer sheet to the invigilators at the end of the examination compulsorily and must not carry it with you outside the Examination Hall.
10. **Use only Blue/Black Ball point pen.**
11. **Use of any calculator or log table etc., is prohibited.**
12. **Negative Marking :- For each incorrect answer, 0.5 marks shall be deducted.**

## परीक्षार्थियों के लिए निर्देश

1. पहले पृष्ठ के ऊपर नियत स्थान पर अपना रोल नम्बर लिखिए ।
2. इस प्रश्न-पत्र में पचास बहुविकल्पीय प्रश्न हैं ।
3. परीक्षा प्रारम्भ होने पर, प्रश्न-पुस्तिका आपको दे दी जायेगी । पहले पाँच मिनट आपको प्रश्न-पुस्तिका खोलने तथा उसकी निम्नलिखित जाँच के लिए दिये जायेंगे जिसकी जाँच आपको अवश्य करनी है :
   (i) प्रश्न-पुस्तिका खोलने के लिए उसके कवर पेज पर लगी कागज की सील को फाड़ लें । खुली हुई या बिना स्टीकर-सील की पुस्तिका स्वीकार न करें ।
   (ii) **कवर पृष्ठ पर छपे निर्देशानुसार प्रश्न-पुस्तिका के पृष्ठ तथा प्रश्नों की संख्या को अच्छी तरह चैक कर लें कि ये पूरे हैं । दोषपूर्ण पुस्तिका जिनमें पृष्ठ/प्रश्न कम हों या दुबारा आ गये हों या सीरियल में न हों अर्थात किसी भी प्रकार की त्रुटिपूर्ण पुस्तिका स्वीकार न करें तथा उसी समय उसे लौटाकर उसके स्थान पर दूसरी सही प्रश्न-पुस्तिका ले लें । इसके लिए आपको पाँच मिनट दिये जायेंगे । उसके बाद न तो आपकी प्रश्न-पुस्तिका वापस ली जायेगी और न ही आपको अतिरिक्त समय दिया जायेगा ।**
   (iii) इस जाँच के बाद प्रश्न-पुस्तिका की क्रम संख्या OMR पत्रक पर अंकित करें और OMR पत्रक की क्रम संख्या इस प्रश्न-पुस्तिका पर अंकित कर दें ।
4. प्रत्येक प्रश्न के लिए चार उत्तर विकल्प (A), (B), (C) तथा (D) दिये गये हैं । आपको सही उत्तर के दीर्घवृत्त को पेन से भरकर काला करना है जैसा कि नीचे दिखाया गया है ।
   **उदाहरण :** (A) (B) ● (D)
   जबकि (C) सही उत्तर है ।
5. प्रश्नों के उत्तर **केवल प्रश्न पत्र I के अन्दर दिये गये उत्तर-पत्रक पर ही** अंकित करने हैं । यदि आप उत्तर पत्रक पर दिये गये दीर्घवृत्त के अलावा किसी अन्य स्थान पर उत्तर चिह्नांकित करते हैं, तो उसका मूल्यांकन नहीं होगा ।
6. अन्दर दिये गये निर्देशों को ध्यानपूर्वक पढ़ें ।
7. कच्चा काम (Rough Work) इस पुस्तिका के अन्तिम पृष्ठ पर करें ।
8. यदि आप उत्तर-पुस्तिका पर अपना नाम या ऐसा कोई भी निशान जिससे आपकी पहचान हो सके, किसी भी भाग पर दर्शाते या अंकित करते हैं तो परीक्षा के लिये अयोग्य घोषित कर दिये जायेंगे ।
9. आपको परीक्षा समाप्त होने पर प्रश्न-पुस्तिका एवं OMR उत्तर-पत्रक निरीक्षक महोदय को लौटाना आवश्यक है और परीक्षा समाप्ति के बाद उसे अपने साथ परीक्षा भवन से बाहर न लेकर जायें ।
10. **केवल नीले/काले बाल प्वाईंट पैन का ही इस्तेमाल करें ।**
11. **किसी भी प्रकार का संगणक (कैलकुलेटर) या लाग टेबल आदि का प्रयोग वर्जित है ।**
12. **नेगेटिव अंक प्रणाली : प्रत्येक गलत उत्तर के लिए 0.5 अंक काटे जाएँगे ।**

**NEPALI**
**नेपाली**
**Paper – II**
**प्रश्नपत्र – II**

**Note :** This paper contains **fifty (50)** objective type questions, each question carrying **two (02)** marks. Attempt **all** the questions.

**नोट :** इस प्रश्नपत्रमा **पचासवटा (50)** बहुकल्पी प्रश्न छन् । प्रत्येक प्रश्न **दुई (02)** अङ्का का हन् । सबै प्रश्नका उत्तर लेख्नुपई ।

**1.** "आह ! कता भाग्नलाई तैयार हामीहरु
यस भूमिबाट
जहाँ जिन्दगी कुर्कुच्चासम्म उमारेका छौं !"
– यस कवितांशका रचयिता को हुन् ?

(A) मनप्रसाद सुब्बा (B) युद्धवीर राणा
(C) वैरागी काईंला (D) ईश्वर वल्लभ

**2.** व्यञ्जना शब्दशक्तिको साटो 'तात्पर्यवृत्ति' – को अवधारणाका समर्थक आचार्य को हुन् ?

(A) जगन्नाथ (B) विश्वनाथ
(C) धनञ्जय (D) अभिनवगुप्त

**3.** तलका मध्ये कुनचाहिँ कथन साँचो हो ?

(A) अनुमितिवादीहरू व्यञ्जना शब्द-शक्तिको अवधारणाका समर्थक हुन् ।
(B) पतञ्जलिको मतअनुसार स्फोटरूप शब्द र ध्वनि रूप शब्द बेग्लाबेग्लै कुए हुन् ।
(C) भर्तृहरिका विचारमा शब्द र अर्थ दुईवटा पृथक् सत्ता भएका अवधारणाहरु हुन् ।
(D) "शब्दको निश्चित अर्थ हुँदैन, वाक्यमा प्रयोग गरिँदा नै त्यसले निश्चित अर्थ बुझाउँदछ" भन्ने मतका पक्षधर अभिहितान्वयवादीहरु हुन् ।

**4.** नेपाली लोक गीतमा बिच बिचमा दोहोरिन आउने शब्द वा शब्द-युग्मलाई के भविन्छ ?

(A) अन्तरा (B) चरन
(C) रहनी (D) स्थायी

**5.** मारूनी नाचका विषयमा कुरा गर्दा 'गर्रा' भन्नाले के बुझिन्छ ?

(A) मुख्य नाच्ने पात्र (B) नाचगान सञ्चालन गर्ने व्यक्ति
(C) नाच हेर्नेहरू (D) मारूनी सँग सँगै नाच्ने स्त्री पात्र

**6.** तलका मध्ये कुन चाहिँ लोकगीत 'शोकगीत' हो ?

(A) करात (B) पडेली
(C) सैरेली (D) कौरा

7. तल समूह 'क' को कुन गुण समूह 'ख' को कुन रीतिका अनुकूल मानिन्छ ? ठिक जोडा मिलाएर तल दिइएको उपयुक्त विकल्पमा चिह्न लगाउनुहोस् ।

| **समूह – 'क'** | **समूह – 'ख'** |
|---|---|
| (i) प्रसाद | (अ) गौडी |
| (ii) माधुर्य | (आ) लाटी |
| (iii) ओज | (इ) पाञ्चाली |
| (iv) ओज+प्रसाद | (ई) वैदर्भी |

(A) (i) इ, (ii) ई, (iii) आ, (iv) अ
(B) (i) ई, (ii) अ, (iii) आ, (iv) इ
(C) (i) आ, (ii) इ, (iii) ई, (iv) अ
(D) (i) इ, (ii) ई, (iii) अ, (iv) आ

8. "यो कुनै वास हो मेरो नित्य जीवन मार्गको
कतैतिर म हिँड्नेछु स्वप्न पूरा भएपछि ।"
– समद्वारा पछिबाट पुनर्लिखित आफ्नो यस कवितांशमा अधोरेखाङ्कित शब्दका ठाउँमा पहिला कुन कुन शब्द थिए ?
(A) हाम्रो, क्षणिक, अन्तै
(B) नाथ, मेरो, तिमी
(C) सानो, भौतिक, त्यतै
(D) क्षणिक, तिम्रो, उतै

9. "तपाईंको निम्ति यहाँ सधैं रङ्गभूमि छ, मेरो निम्ति सधैँ रणभूमि ।"
– यो कुरा कसले कसलाई भनेको हो ?
(A) इन्दिराले मुकुन्दलाई 'मुकुन्द इन्दिरा' मा
(B) प्रभाले इन्द्रवीरलाई 'म' नाटकमा
(C) सविताले एड्विललाई 'प्रेमपिण्ड' मा
(D) 'मुटुको व्यथा' - मा कपिलाले माधवलाई

10. "कसो कसो उसका दुइ मसिना आँखा यति चनाखा कि
होचो र हेलाँ खूब देख्न सक्तछ
कसो कसो उसका हात यति कोमल कि
झट्ट झट्ट सबैका अघि जोडिन्छन् ।"
– यो कवितांश कुन कविका रचनाबाट लिइएको हो ?
(A) बालकृष्ण सम
(B) वीरेन्द्र सुब्बा
(C) गोपालप्रसाद रिमाल
(D) भूपि शेरचन

11. साहित्यलाई 'झुल्केका क्षणको मिठास' मान्ने साहित्यकार को हुन् ?
(A) लक्ष्मीप्रसाद देवकोटा
(B) माधवप्रसाद थिमिरे
(C) अगमसिंह गिरी
(D) लेखनाथ पौड्याल

12. काव्यमा अघिबाटै मनिएको कुरासँग पछि भनिने कुराको मेल नभएमा काव्याचाहिरूले कस्तो 'काव्यदोष' हुन्छ मनेका छन् ?
(A) व्याहतता दोष
(B) भग्नक्रमता दोष
(C) हतवृत्तता दोष
(D) निर्हेतुता दोष

13. एरिस्टोटलीय काव्य-सिद्धान्तको एउटा प्रमुख अवधारणा 'अनुकरण' भएझैं स्वच्छन्दतावादको मूल अवधारणा के हो ?
(A) आनन्द
(B) लोकहित
(C) कल्पना
(D) अवास्तवता

14. यास्कले शब्दका चार वर्ग माने । नाम, आख्यात र निपात ती मध्ये तीनवटा हुम् चौथो भेद कुन् हो ?
(A) अव्यय (B) योगरूढ (C) प्रत्यय (D) उपसर्ग

15. भरत मुनिकृत नाट्यशास्त्र अनुसार मध्यम अर्थात् चतुरस्र नाट्यमण्डप कति परिमाणको हुन्छ ?
(A) १०२ हातको (B) ६४ हातको (C) ५० हातको (D) ३२ हातको

16. "हा नाथ दर्शन बिना बनवास महाँ रहुँ कसरी ।
मेरो अभाग झन झन्ट धकेल्द पातालमा यसरी ।
यस पद्यांशमा कुन काव्य ध्वनि रहेको पाइन्छ ?
(A) कवि निबद्ध प्रौढोक्ति सिद्ध (B) कवि प्रौढोक्ति सिद्ध
(C) स्वत: सम्भवी (D) असंलक्ष्य क्रम व्यङ्ग्य ध्वनि

17. तलका मध्ये कुन चाहिँ कथन सही हो ?
(A) नीय प्राकृतमा इरानेली, मङ्गोली र तोखारेली प्रभाव पाइन्छ ।
(B) अश्वघोषका नाटक हरूको प्राकृतलाई शिलालेखी प्राकृत पनि भनिन्छ ।
(C) अशोकका अभिलेखहरूमा पाइने प्राकृतको नाउँ नीय प्राकृत हो ।
(D) धम्मपदीय प्राकृतका नमुना श्री लङ्कामा पाइएका थिए र ती चित्र लिपिमा लेखिएका थिए ।

18. प्राकृत वैय्याकरणहरूले प्राकृत भाषाको शब्द भण्डारलाई तीन वर्गमा छुट्ट्याएर हेरे । तत्सम र तद्भव तीमध्येका दुइटा वर्ग हुन् भने तेस्रोचाहिँ वर्ग कुन् हो ?
(A) आगन्तुक (B) वैदेशिक (C) देश्य (D) मौलिक

19. हृदय > हिअअ, विवाह > विआओ, खादित्वा > खाइअ जस्ता
संस्कृतबाट विकसित प्राकृत शब्दका बिचमा पाइने स्वर ध्वनिलाई के भनिन्छ ?
(A) असम्पर्कित स्वर (B) सम्पर्कित स्वर
(C) स्वरागम (D) अपिनिहिति

20. तल सूमह 'क' का कुन कथन समूह 'ख' का कुन आचार्यले व्यक्त गरेका हुन् ?

| **समूह 'क'** | **समूह 'ख'** |
|---|---|
| (i) विशिष्ट पदरचना नै रीति हो । | (अ) दण्डी |
| (ii) पदसङ्घटना रीति हो । | (आ) राजशेखर |
| (iii) वचन विन्यासक्रम रीति हो । | (इ) वामन |
| (iv) कवि प्रतिभा अनुसार मार्ग वा रीतिका अनेकौं भेद हुन्छन् । | (ई) विश्वनाथ |

(A) (i) ई (ii) आ (iii) अ (iv) इ
(B) (i) इ (ii) अ (iii) ई (iv) आ
(C) (i) आ (ii) ई (iii) अ (iv) इ
(D) (i) इ (ii) ई (iii) आ (iv) अ

21. काव्य वस्तुको केन्द्रस्थलका दृष्टिले काव्य अन्तर्निवेशी र वहिर्निवेशी गरी दुइ थरीका हुन्छन् भन्ने मत कुन् साहित्यालोचकले प्रतिपादन गरेका हुन् ?
(A) टि. एस. इलियट (B) आई. ए. रिचर्डस्
(C) जोन क्रो र्‍यान्सम (D) एलेन टेट

22. "मास्टर राइटरहरू राइफल हान्नमा मार्क्सम्यानहरू जस्ता
हुन्छन् ; यै प्रभाव र यै प्रतीति भनेर कलम उठाएपछि
अन्य प्रभावका सम्भाव्यताहरू रहनै पाउँदैनन् ।
– यो भनाइ कसको हो ?
(A) राजनारायण प्रधान (B) कृष्णचन्द्रसिंह प्रधान
(C) इन्द्रबहादुर राई (D) रामकृष्ण शर्मा

23. "जलाउँदा जलाउँदा चुहुने भएको धिब्री
नानीको खेलौना ……. "
– कवि वीरेन्द्रले यस कवितांशका अधोरेखांङ्कित शब्दहरूको प्रयोग केको विशेषीकरणका लागि गरेका छन् ?

(A) समाज - व्यवस्था
(B) धार्मिक अन्धविश्वास
(C) युद्धबाट अपङ्ग भएर फर्किएको लाहुरे
(D) बुढेसकाल

24. "…. मप्रति उहाँको मनको गहिराइमा ईर्ष्या र प्रतिद्वन्द्विता पनि थियो ……र आफ्नो लोग्ने संग रमाइलो गरी बस्न नपाउँदा यस्तो प्रतिक्रिया कुन स्वास्नीमान्छेमा पैदा हुँदैन र !…."
– कसका मनमा कसप्रति यसरी 'ईर्ष्या र प्रतिद्वन्द्विता' थियो ?

(A) गौरीका मनमा मुनरियाप्रति । (नरेन्द्र दाइ)
(B) गङ्गाका मनमा शशिप्रति । (यो प्रेम !)
(C) आमाका मनमा अनुराधाप्रति । (अनुराधा)
(D) यमुनाका मनमा सीताप्रति । (आज रमिता छ)

25. "माथी माथी सबैतर्फ फर्र काली भुवाकन
अग्लो सिमल लाग्यो कि सेतो मेघ बनाउन ।"
– यस पद्यमा पाइने मुख्य अर्थालङ्कार कुन हो ?

(A) उत्प्रेक्षा
(B) सन्देह
(C) भ्रान्ति
(D) अपह्नुति

26. "यिनसँग नखराको नक्कली भाव छैन
छल कपट सुधाको जिन्दगी नै हुँदैन ।
सरल सरस वार्ता गर्दछन् मिष्टभाषी
वन हृदय बनेझैँ ओठरङ्गी सुवासी ।।"
– 'शाकुन्तल' महाकाव्यबाट उद्धत यस पद्यांशमा 'यिनसँग' भनेर कसले कसका विषयमा भनेको हो ?

(A) कविले ऋषिकन्याहरूबारे ।
(B) कण्व ऋषिले शकुन्तलाका विषयमा ।
(C) दुष्यन्तले आश्रमको जीवनशैलीबारे ।
(D) कविले शकुन्तलाबारे ।

27. 'समय, समय अनि समय' कसले रचना गरेको अनि कुन विधाको कृति हो ?

(A) इन्द्रबहादुर राईकृत कथा
(B) शरद् छेत्रीको नाटक
(C) अविनाश श्रेष्ठकृत नाटक
(D) किशोर पहाडीको उपन्यास

28. समका निम्नलिखित नाटकमध्ये कुन चाहिँ नाटक पौराणिक कथामा आधारित धार्मिक-सामाजिक विषयको नाटक हो ?

(A) तलमाथि
(B) ऊ मरेकी छैन
(C) स्वास्नीमान्छे
(D) अमलेख

29. तलका मध्ये कुन चाहिँ नाटक किराँती लोक-विश्वासमा आधारित छ ?

(A) अग्निको कथा (अभि सुवेदी)
(B) यूमा (अभि सुवेदी)
(C) ईथर (सरूभक्त)
(D) मलामी (सरूभक्त)

30. भाषा अध्ययनका निम्नलिखित कुन पद्धतिका प्रयोक्ता को हुन् ?

| पद्धति | प्रयोक्ता |
|---|---|
| (i) स्तरीकरण व्याकरण | (अ) चार्ल्स जे. फिल्मोर |
| (ii) रूपार्थपरक व्याकरण | (आ) नोअम चम्स्की |
| (iii) कारक व्याकरण | (इ) सिड्नी एस. ल्याम्ब |
| (iv) रूपान्तरण व्याकरण | (ई) केनेथ ली पाइक |

(A) (i) इ (ii) ई (iii) आ (iv) अ
(B) (i) ई (ii) अ (iii) आ (iv) इ
(C) (i) आ (ii) ई (iii) अ (iv) इ
(D) (i) इ (ii) ई (iii) अ (iv) आ

**31.** तलका मध्ये को चाहिँ तुलनात्मक भाषाविज्ञानका प्रयोक्ता हुन् ?
(A) एम. जे. म्यार (B) फर्तुनातोभ (C) भी. मेथेसिअस (D) बादोईँ दि कुर्तने

**32.** प्राहा भाषाविज्ञान मण्डलीद्वारा प्रस्तुत 'विभेदक अभिलक्षण' को अवधारणाको तात्पर्य के हो ?
(A) एउटा भाषिक एकाइलाई अर्कोबाट भिन्न देखाउने तत्त्व ।
(B) प्रत्येक भाषा को आफ्नै विशिष्ट वर्णव्यवस्था हुन्छ भन्ने मान्यता ।
(C) भाषाका तत्त्वहरू माझ समानता भन्दा भिन्नता नै धेर हुन्छन्भन्नेमत ।
(D) प्रकार्यका आधारमा एकाइहरूको वर्गीकरण गर्ने सिद्धान्त ।

**33.** कस्तो अक्षरलाई 'खुल्ला अक्षर' भनिन्छ ?
(A) आरम्भ बिनाको अक्षर (B) हलन्त अक्षर
(C) अजन्त अक्षर (D) आरम्भ र विराम दुवै नभएको अक्षर

**34.** कुनै परिवेशमा व्यतिरेकी हुने र कुनैमा नहुने ध्वनिको वितरणलाई के भनिन्छ ?
(A) मुक्त परिवर्तन (B) परस्परव्यापी वितरण
(C) समान्तर वितरण (D) परिपूरक वितरण

**35.** "म राजनीतिमा राजतन्त्रवादी, धर्ममा रोमन क्याथोलिक अनि साहित्यमा शास्त्रीयतावादी हुँ ।" – यसो भन्ने लेखक को हुन् ?
(A) म्याथ्यु आर्नोल्ड (B) टि. एस. इलियट
(C) बेनेडिट्टो क्रोचे (D) आई. ए. रिचर्ड्स

**36.** तलका कुन कुन भाषा श्लिष्टताका दृष्टिले कुन कुन वर्गमा पर्दछन् खुट्याएर चिह्नित गर्नुहोस् ।

| **समूह-क** | **समूह - ख** |
|---|---|
| (i) चेरोकी | (अ) आंशिक प्रश्लिष्ट |
| (ii) बान्टु | (आ) अन्तर्मुखी श्लिष्ट |
| (iii) प्राचीन सामेली | (इ) पूर्ण प्रश्लिष्ट |
| (iv) बास्क | (ई) अश्लिष्ट योगात्मक |

(A) (i) ई (ii) अ (iii) आ (iv) इ (B) (i) आ (ii) इ (iii) ई (iv) अ
(C) (i) इ (ii) ई (iii) आ (iv) अ (D) (i) ई (ii) इ (iii) अ (iv) आ

**37.** "कपासको भुवा उडाइलग्यो बतासको सिर्कैले
कुवाको पानी कुवैमा रह्यो
ध्याम्पाको निथार ध्याम्पैमा रह्यो
म मरेँ तिर्खैले, भेइ आ: आ: ।"
– यो कुन प्रकारको लोकगीत हो ?
(A) हाकपारे (B) टुङना (C) सेलो (D) रोइला

**38.** 18 औं शताब्दीको 'बाज परीक्षा' नामक बेनामी ग्रन्थमा प्रयोग गरिएका 'पषेरू' र चिराई शब्द चराका पर्यायवाची हुन् भने 'वहरि' र 'कुइ' चाहिँ के बुझाउने शब्द हुन् ?
(A) बाजका विभिन्न अङ्ग ।
(B) चराका भाले र पोथी ।
(C) शिकार गर्न बाजले प्रयोग गर्ने भिन्न भिन्न शैली ।
(D) बाजकार प्रकार ।

**39.** वक्रोक्तिलाई सबै अलङ्कारको प्राण मान्ने आचार्य को हुन् ?
(A) रूद्रट (B) वामन (C) भामह (D) दण्डी

40. 'सानीमा' शब्दमा कस्तो समास छ ?
(A) कर्मधारय (B) द्विगु (C) अव्ययीभाव (D) तत्पुरुष

41. 'निकट घटक' को अवधारणा प्रस्तुत गर्ने भाषाविज्ञानी को हुन् ?
(A) फर्दिनान्द दि सस्युर । (B) ल्योनार्द ब्लुमफिल्ड ।
(C) रोमन याकोब्सन । (D) चार्ल्स फिल्मोर ।

42. 'आइरोनी' कविताको केन्द्रीय तत्त्व हो र यो त्यसमा सर्वत्र व्याप्त रहन्छ भन्ने आलोचक को हुन् ?
(A) जोहन क्रो र्‍यान्सम (B) क्लिन्थ ब्रुक्स
(C) मोनरो सि. बियड्‌र्सली (D) विलियम के. विम्साट

43. 'किनाराका आवाजहरू' कुन विधाको कृति हो ?
(A) कोष काव्य (B) खण्ड - काव्य (C) कथा - सङ्ग्रह (D) कविता - सङ्ग्रह

44. रसानुभूति प्रक्रियाका सन्दर्भमा चर्चा गरिने 'साधारणीकरण' शब्दको तात्पर्य के हो ?
(A) महान् विषयको सामान्यीकरण । (B) स्वको परसँग तादात्म्य स्थापन ।
(C) साधारण विषयको महिमामण्डन । (D) जटिल विषयको सरलीकरण ।

45. "मिनिङ् अफ् मिनिङ्" नामक ग्रन्थका रचनाकार को हुन् ?
(A) एफ. आर. लेविस । (B) विलियम एम्प्सन ।
(C) आई. ए. रिचर्ड्स (D) जाक देरिदा ।

46. 'खाने कुरा केही छैन ।' – यस वाक्यमा रहेको 'खाने' शब्द कुन व्याकरणिक वर्गमा पर्दछ ?
(A) विशेषण (B) नाम (C) क्रियापद (D) क्रियायोगी

47. मानस्वरको सिद्धान्त स्थापन कसले गरे ?
(A) अलेक्जान्डर मेलविल बेल (B) ड्यानियल जोन्स
(C) ल्योनार्द ब्लुमफिल्ड (D) डेविड एबरक्रोम्बी

48. तलका मध्ये कुनचाहिँ भाषा अस्ट्रिक परिवारको होइन ?
(A) माल्टो (B) हो (C) सन्थाली (D) कुर्कू

49. तलका मध्ये कुनचाहिँ कथन सत्य हो ?
(A) नेपाली भाषामा प्रथम मुद्रित साहित्यिक ग्रन्थ भानुभक्तीय रामायणको बालकाण्ड हो ।
(B) 'गोपिनीको श्लोक'का रचनाकार दलबहादुर हुन् ।
(C) रहरसिंह राईले 'गोपिनीको सवाई' नामक काव्य लेखे ।
(D) 'केदार-कल्प' को रचना होमनाथ खतिवडाले गरे ।

50. तल समूह 'क' मा दिइएको कुनचाहिँ अलङ्कार समूह 'ख' मा दिइएकामध्ये कुनचाहिँ वर्गमा पर्दछ ? खुट्ट्याएर चिह्नित गर्नुहोस् :

| **समूह 'क'** | **समूह 'ख'** |
|---|---|
| (i) अनन्वय | (अ) विरोधमूलक |
| (ii) विभावना | (आ) गूढार्थप्रतीतिमूलक |
| (iii) एकावली | (इ) औपम्पमूलक |
| (iv) व्याजोक्ति | (ई) शृङ्खलामूलक |

(A) (i) इ (ii) अ (iii) ई (iv) आ (B) (i) ई (ii) इ (iii) आ (iv) अ
(C) (i) आ (ii) ई (iii) अ (iv) इ (D) (i) इ (ii) ई (iii) आ (iv) अ

___________

**Space For Rough Work**